# स्थानीय राजपत्र

**देवदह नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड ३) देवदह नगरपालिका, मितिः २०७८/०७/११ (संख्या ५**


## भाग–१

### देवदह नगरपालिका, रूपन्देही

देवदह नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम देवदह नगरपालिकाको विशेष नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**ऐनको नाम : देवदह नगरपालिकाको नगर प्रहरी ऐन, २०७६ को पहिलो संशोधन–२०७८**

विशेष नगरसभाबाट स्वीकृतः २०७८/०७/११

देवदह नगरपालिकाको मिति २०७६/०३/२५ गतेको नगरसभावाट पारित भएको देवदह नगरपालिकाको नगर प्रहरी ऐन,२०७६ मा देवदह

नगरपालिकाको मिति २०७८/०७/११ मा भएको विशेष नगरसभाबाट देहाय बमोजिम संशोधन भएको छ।

| भएको व्यवस्था | संशोधन हुनुपर्ने | कारण |
|---|---|---|
| परिच्छेद ४ को दफा ११ पदपुर्ति समिति<br>(क) मा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपशिल बमोजिमको पदपुर्ति समिति रहनेछ।<br>प्रमुख प्रशासकीय अधिकृत- संयोजक<br>नजिकको प्रहरी कार्यालयको प्रहरी अधिकृत- सदस्य<br>नगर प्रहरी प्रमुख – सदस्य<br>प्रशासन शाखा प्रमुख – सदस्य सचिव<br>(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएता पनि नगर प्रहरी प्रमुखको पद रिक्त भएको अवस्थामा नगर प्रहरी कर्मचारी पदपुर्ति सम्बन्धि कार्य गर्न बाधा पुग्ने छैन। | परिच्छेद ४ दफा ११ पदपुर्ति समिति<br>(क) प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपशिल बमोजिमको पदपुर्ति समिति रहनेछ।<br>प्रमुख प्रशासकीय अधिकृत – संयोजक<br>आर्थिक शाखा प्रमुख – सदस्य<br>प्रशासन शाखा प्रमुख – सदस्य सचिव<br>(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि पदपुर्ति सम्बन्धि कामको लागि जिल्ला प्रहरी कार्यालयको प्रहरी अधिकृत तथा नगर प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रण गर्न बाधा पुग्ने छैन। | नगर प्रहरीको भर्ना छनौट प्रकृयालाई थप व्यवस्थित र प्रभावकारी बनाउनु पर्ने भएकोले। |

| भएको व्यवस्था | संशोधन हुनुपर्ने | कारण |
|---|---|---|
| | (ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएता पनि नगर प्रहरी प्रमुखको पद रिक्त भएको अवस्थामा नगर प्रहरी कर्मचारी पदपुर्ति सम्बन्धि कार्य गर्न बाधा पुग्ने छैन। | |

प्रमाणिकरण मिति: २०७८/०७/११

आज्ञाले
डिल्लीराज बेल्बासे
प्रमुख प्रशासकीय अधिकृत